# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सेवा प्रवाह संबन्धी सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोनको उच्च जोखिमलाई दृष्टिगत गरी संभावित संक्रमणबाट अदालतका सेवाग्राही, कानून ब्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतको मिति २०७८।१०।०४ मा बसेको पूर्ण बैठकको निर्णयबाट स्थानीय परिस्थिति एवं जोखिमको अवस्था तथा संक्रमित भएको अवस्था समेतको मुल्याङ्कनको आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको अवस्था सम्बन्धित अदालतले मिलाउने भनी निर्देशन समेत प्राप्त भएको हुँदा यस अदालतबाट मिति २०७८।१०।१२ मा प्रकाशित सूचना मार्फत् मिति २०७८।१०।२० सम्म संकुचन गरिएका सेवाहरु मध्ये मिति २०७८।१०।१६ मा बसेको जिल्ला सरकारी वकील कार्यालय र जिल्ला वार ईकाईका पदाधिकारीहरुसँगको बैठकबाट प्राप्त सुझाव तथा यस अदालतमा कार्यरत संक्रमित कर्मचारीहरु स्वस्थ्य भई कार्यालयमा उपस्थित भएको अवस्था समेतलाई मध्यनजर गरी मिति २०७८।१०।१७ देखि मिति २०७८।१०।२० सम्म पेशी चढेकामध्ये देहाय बमोजिमका सेवा बिस्तार गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबै कानून ब्यवसायी, जिल्ला सरकारी वकील कार्यालय काभ्रेपलाञ्चोक, सेवाग्राही तथा सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि अनुरोध छ।

२०७८।१०।१६

### देहाय

१) साप्ताहिक पेशी सूचीमा चढेका मुद्दाहरु मध्ये थुनुवा भएका मुद्दा र बालबालिका सम्बन्धि मुद्दाहरु मात्र हेर्ने ।